# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## जनशक्ति व्यवस्थापन विभागको
## Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

लोक सेवा आयोगको सहमति अनुसार यस बैंकमा रिक्त रहेका निम्न पदहरु खुला प्रतियोगिताद्वारा पूर्ति गर्नु पर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७४/११/११ देखि Online दरखास्त फाराम भर्न आव्हान गरिएको छ । बैंकले तोकेको Online फाराममा भर्नु पर्ने सम्पूर्ण विवरण भरी सोको साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो Scan / Attach गरी तोकिएको दस्तुर तिरी मिति २०७४/१२/०१ सम्म र दोब्बर दस्तुर तिरी मिति २०७४/१२/०८ सम्म Online दरखास्त पेश गर्नु पर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ ।

| विज्ञापन नं. | पद/श्रेणी | सेवा | पद संख्या | समूह/पद संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपांग | पि.क्षे. |
| २१/२०७४ | सहायक निर्देशक (अधिकृत तृतीय) | प्रशासन | ४५ | २५ | ७ | ५ | ४ | २ | १ | १ |
| २२/२०७४ | सहायक (सहायक द्वितीय) | प्रशासन | ९६ | ५३ | १४ | १२ | ९ | ४ | २ | २ |
| २३/२०७४ | सहायक (सहयक द्वितीय) सूचना प्रविधि | प्राविधिक | १० | ६ | १ | १ | १ | १ | - | - |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

(क) **सहायक निर्देशक पदको लागि :** त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा वाणिज्यशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर सरहको परीक्षा उत्तीर्ण गरेको ।

(ख) **सहायक (प्रशासन) पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट १० जोड २ वा सो सरहको उपाधि हासिल गरेको ।

(ग) **सहायक (सूचना प्रविधि) पदको लागि :** मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्ग/इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग/हार्डवेयर इन्जिनियरिङ्ग विषयमा तीन वर्षे डिप्लोमा उत्तीर्ण गरेको ।

२. **समावेशीको आधार :-** समावेशी समूहतर्फ फाराम भर्ने उम्मेदवारहरुले आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रको लागि सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

३. **तलब भत्ता तथा सुविधा :-** बैंकको नियमानुसार हुनेछ ।

४. **उम्मेदवारको उमेर :-**

(क) **सहायक निर्देशक पदको लागि** दरखास्त दिने अन्तिम मिति (२०७४/१२/०१) सम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) **सहायक पदको लागि** दरखास्त दिने अन्तिम मिति (२०७४/१२/०१) सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ ।

महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ। यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

५. **परीक्षाको किसिम :-** सहायक निर्देशक पदको लागि पूर्व-योग्यता, लिखित र अन्तर्वार्ता तथा सहायक पदको लागि लिखित र अन्तर्वार्ता परीक्षाको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ । पूर्व-योग्यता र विषयगत लिखित परीक्षा संचालन लोक सेवा आयोगले गर्नेछ । साथै, पूर्व-योग्यता र विषयगत लिखित परीक्षाको मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ ।

६. **परीक्षणकाल अवधि :-** महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

७. **निवृत्तभरण पाउने वा नपाउने :-** निवृत्तभरण पाउने ।

८. **परीक्षा दस्तुर :-**

(क) **सहायक निर्देशक पदको लागि :** खुला समूहको लागि रु. ८००।- र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. ३००।- (कुनै एक समावेशी समूहका लागि मात्र रु. ८००।- तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु. ३००।-)

(ख) **सहायक पदको लागि :** खुला समूहको लागि रु. ६००।- र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. २००।- (कुनै एक समावेशी समूहका लागि मात्र रु. ६००।- तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु. २००।-)

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया :-** Online दरखास्त फाराम Submit गरे पश्चात प्राप्त हुने Application Number अनुरुप बुझाउनु पर्ने परीक्षा दस्तुर यस बैंकको थापाथली स्थित कार्यालय तथा जिल्ला स्थित कार्यालयको नाफा नोक्सान आम्दानी फुटकर हिसाबमा जम्मा गर्नु पर्नेछ । Application Number र नाम उल्लेख नगरिएको तथा तोकिए बमोजिमको रकम जम्मा नगरेको Online दरखास्त फाराम रीतपूर्वक नभएको मानिनेछ ।

१०. **पदस्थापन :-** उपरोक्त विज्ञापन अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकको आवश्यकता अनुसार केन्द्रीय कार्यालय र उपत्यका बाहिरका कार्यालयहरुमा पदस्थापन गरिनेछ ।

११. Online दरखास्त फाराम भर्न नेपाल राष्ट्र बैंकको Website : www.nrb.org.np को career @ NRB भित्र गई त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

१२. Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा यस बैंकको टेलिफोन नं. ०१४४१९८०४, ०१४४१९८०५, ०१४४१९८०६, ०१४४१९८०७ एक्सटेन्सन नं.: १३८ र १४६ अथवा यस बैंकको ईमेल career@nrb.org.np मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१३. यो सूचना तथा उपरोक्त पदहरुको पाठ्यक्रम यस बैंकको **website: www.nrb.org.np** को **career @ NRB** मा राखिएको छ ।

**मिति :- २०७४/११/१०**

**(उपेन्द्रकुमार पौडेल)**
**कार्यकारी निर्देशक**